
परिवर्तनका लागि एक नयाँ आवाज

टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक



समाचार पृष्ठ ४ मा ...

डिजिटल नेपाल बनाउने सपना छ : प्रधानमन्त्री दाहाल

• वर्ष २ • अंक ११६ • २०८० असोज ५ गते मंगलबार • (26-Sept-2023) • पृष्ठ ४ • मुल्य रु ५।- www.talknepaltv.com

सर्लाहीमा पाँच दिनपछि कर्फ्यू खुकुलो

■ टक नेपाल

सर्लाही । सर्लाही सदरमुकाम मलंगवामा बिहीबार रातिदेखि लगाइएको अनिश्चित कालिन कर्फ्यू सोमबारदेखि खुकुलो बनाइएको छ । दिनमा कर्फ्यू निष्कृय गरिए पनि रातिको समयमा कायमै राखिएको छ । गत बिहीबार गणेशको मूर्ति सेलाउने विषयलाई लिएर दुई समुदाय बीच झडप हुँदा बिहीबार राति १० बजेदेखि मलंगवामा अनिश्चितकालिन कर्फ्यू लगाइएको थियो । सोमबार बिहानबाट जिल्ला प्रशासन कार्यालय सर्लाहीमा बसेको समन्वय सहजीकरण बैठकले बिहान ४ बजेदेखि र ाति ८ बजेसम्म कर्फ्यू निष्कृय बनाएको निर्णय गरेको छ। राति ८ बजेदेखि बिहान ४ बजेसम्म अर्को निर्णय नहुन्जेलसम्मका लागि कर्फ्यू कामयमै गरिएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिएका छन् । दिनको समयमा कर्फ्यू हटाइए पनि सर्वसधारणको सुरक्षामा पर्न सक्ने जोखिलाई ख्याल गर्दै कुनै किसिमको भेला,जुलुस, बैठक, प्रदर्शन वा पोष्टर पर्चा जस्ता प्रचार सामग्री टाँस्न वा लेख्न निषेध गरिएको छ । सामाजिक सञ्जालमा सामाजिक सद्भाव विगार्ने खालका हल्ला एवं अफवाह फैलाउने व्यक्तिको पहिचान गरी साइवर अपराध गरेको अभियो गमा कानुन बमोजिम कारबाही गर्ने निर्णय पनि गरिएको छ । सार्वजनिक सम्पतिको तोडफोड,आगजनी,ढुङ्गमुढा पर्हार,उच्छृङ्खल गतिविधिलगायतका विरोध प्रदर्शन गर्ने,सामाजिक सद्भाव विगार्ने खालका घटना घटाउने एवं घटनामा संलग्न जो कोही लाई कडाभन्दा कडा कारबाही गर्ने निर्णय पनि गरिएको प्रजिअ यादवले बताए ।

मधेसी आयोगको उच्चस्तरीय अनुगमन टोली मलंगवामा



■ टक नेपाल

काठमाडौं । सर्लाहीको मलंगवामा दुई समुदायबीच भएको झडपबारे सत्यतथ्य पत्ता लगाउन मधेसी आयोगले उच्चस्तरीय अनुगमन टोली पठाएको छ। गत शुक्रबार गणेश चतुर्थिको मुर्ती सेलाउने क्रममा दुई समुदायबीच झडप भएको थियो। उक्त घटनाले उग्र रुप लिएको प्रति ध्यानाकर्षण गराउँदै आयो गले घटनास्थलमा अनुगमन टोली पठाएको हो । दोषीलाई कानुनी कारवाहीको दायरामा ल्याउन आयोगले समय-समयमा स्थानीय प्रशासनलाई निर्देशन दिएको जनाएको छ । यसबारे संघीय, प्रदेश तथा स्थानीय सरकारलाई सचेत समेत गराएको जनाइएको छ । आयोगले उक्त घटनामा घाइते भएकाको उपचारका लागि सरकारलाई तुरुन्त आवश्यक व्यवस्था मिलाउन समेत ध्यानकर्षण गराएको छ ।

राष्ट्रपतिद्वारा महेन्द्र नारायण निधि मिथिला संस्कृति केन्द्र भवन समुद्घाटन



■ टक नेपाल

जनकपुरधाम । राष्ट्रपति रामचन्द्र पौडेलले जनकपुरधाममा २३ वर्षदेखि निर्माणाधीन महेन्द्र नारायण निधि मिथिला संस्कृति केन्द्रको समुदघाटन गर्नुभएको छ। सहरी विकास मन्त्रालय र जनकपुरधाम उपमहानगर पालिकाद्वारा संयुक्तरूपमा आयोजित एक समारोहका बीच आज उहाँले संस्कृति केन्द्र सभाहलको समुद्घाटन गर्नुभएको हो । सभाहलको उद्घाटन पश्चात महेन्द्र नारायण निधि मिथिला संस्कृति केन्द्र सभाहल समुदघाटन तथा नागरिक अभिनन्दनका लागि आयोजित संयुक्त समारोहलाई सम्बोधन गर्नुहुँदै राष्ट्रपति पौडेलले स्वर्गीय निधिलाई लोकतान्त्रिक आन्दोलनका योद्धा, अहिंसा र निष्ठाका पुञ्जको संज्ञा दिँदै उहाँको नाममा स्थापित नवनिर्मित भवनको उद्घाटन गर्ने अवसर पाउनु आफ्ना लागि गौरवको विषय भएको बताउनुभयो । कार्यक्रममा स्वर्गीय निधिपुत्र एवं नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले २३ वर्षअघि आफ्नो परिवार र तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले देखेको सपना पूरा भएकोमा खुशी व्यक्त गर्नुभयो । उहाँले नवनिर्मित सभाहलले अहिंसा, शान्ति र मिथिलाको संस्कृतिको जगेर्ना गर्न महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्दै यसबाट लाभ लिन सबैलाई आग्रह गर्नुभयो । कार्यक्रममा सहरी विकासमन्त्री सीता गुरुङले नेपालको प्रजातान्त्रिक आन्दोलनमा अतुलनीय योगदान गर्नुभएका स्वर्गीय निधिको नाममा स्थापित संस्कृति केन्द्रले सभासम्मेलन गर्न सघाउ पुग्ने मात्रै नभई यस क्षेत्रको संस्कृतिको विकास र आर्थिक समुन्नतिका लागि समेत योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले सङ्घीय सरकार को सहरी विकास मन्त्रालयले संस्कृति केन्द्रको भौतिक संरचना बनाए पनि प्रदेश, स्थानीय सरकार एवं सरोकारवालाले यसको उपयोगबाट अधिकतम लाभ लिन सक्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा सहरी विकास मन्त्रालयका सचिव रवीन्द्रनाथ श्रेष्ठले नेपालका सातै प्रदेशमा बहुआयामिक महत्त्वको सभाहल निर्माण गर्ने सङ्घीय सरकारको नीतिअनुसार जनकपुरमा पनि सभाहल सञ्चालनमा आएको बताउनुभयो । त्यसैगरी जनकपुधाम उपमहानगर पालिकाका पूर्वप्रमुख बजर ङ्गप्रसाद साहले आफ्नो पालमा निर्माण सुरु भएको सभाहल निर्माण सम्पन्न भएर उद्घाटन भई सञ्चालनमा आएकामा खुसी व्यक्त गर्नुभयो। उहाँले सभाहलको व्यवस्थापन र परिसरमा रहेका अन्य संरचना निर्माण संस्कृति केन्द्रको थप विकास एवं विस्तार गर्न सरकारलाई आग्रह गर्नुभयो । सहरी विकास मन्त्रालयको रु १२ करोड २४ लाख ७९ हजार तीन सय ४० लागतमा निर्माण सम्पन्न भएको भवन सवा दुई बिघा क्षेत्रफलमा फैलिएको छ। स्वर्गीय निधि पत्नी प्रेमसागरी देवी निधिले भवनको शिलान्यास गरेसँगै विसं २०५७ वैशाखमा भवनको निर्माण कार्य सुरु भएको थियो । नवनिर्मित भवनमा पाँच सय ४० जना क्षमताको सभाहल, दुई सय जना अटाउने कन्फरेन्स हल छ भने परिसरभित्र पुस्तकालय भवन, सङ्ग्रहालय ब्लक, कम्पाउन्ड वाल, पार्किङ, सार्वजनिक शौचालय, चमेना गृह ब्लकलगायतका संरचना रहेका छन् ।

सर्लाहीमा मोटरसाइकलको ठक्करबाट महिलाको मृत्यु

■ टक नेपाल

सर्लाही । सर्लाहीको विष्णु गाउँपालिकामा भारतीय नम्बर प्लेटको मोटरसाइकलको ठक्करबाट एक महिलाको मृत्यु भएको छ । विष्णु गाउँपालिका-६ स्थित भित्री सडकमा बीआर ३० एडी ९८७२ नम्बरको भारतीय मोटरसाइकलले ठक्कर दिँदा स्थानीय ३५ वर्षीया सुनिता देवीको मृत्यु भएको हो । पैदल हिँडिरहेकी सुनिता मोटरसाइकलको ठक्करबाट सिकिस्त घाइते भएकी थिइन् । घाइते सुनितालाई उपचारका लागि प्रादेशिक अस्पताल मलंगवामा पुऱ्याएपछि उपचारको क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। ठक्कर दिने मोटरसाइकलसहित चालक सोही ठाउँका १८ वर्षीय आकाश मण्डल प्रहरी नियन्त्रणमा रहेका छन् ।





....सम्पादकीय

राजस्व छली गम्भीर अपराध

हामीकहाँ राजस्व छलीका घटनाहरु नयाँ होइनन् । कुशासन मौलाइरहँदा राजस्व छलीका घटनाहरु बढी हुने गर्छन् । सरकारी निकायहरुले राजस्व छलीलाई निस्तेज पार्नुपर्नेमा त्यस्तो गर्न सकेका छैनन् । सरकारलाई बुझाउनुपर्ने राजस्व कम बुझाउने वा नबुझाउने नियतले ट्याक्स प्लानिङ गर्ने, राजस्व नबुझाउने वा कम बुझाउने हिसाबले कागजात पेस गरेर ट्याक्स छल्ने काम बढी हुने गरेको छ । राजस्व चुहावटसम्बन्धी कसुर लाग्ने कानुन भए पनि सो कानुनको सशक्त कार्यान्वयन हुन सकेको छैन । पछिल्लो समयमा राजस्व अनुसन्धान विभागले राजस्व छली गर्नेहरुविरुद्ध मुद्दा दायर गर्ने काममा सुस्तता आएको छ । यसले विभागको कामकारबाहीप्रति आशंका पैदा हुन थालेको छ । ६१ किलो सुन तस्करी प्रकरणमा कारबाही गरेर चर्चामा आएको राजस्व अनुसन्धान विभागले आफ्नो अन्य नियमित कार्य प्रभावकारीरुपमा गर्न नसक्नु दुःखद छ । विभागले राजस्व छलीका घटनाहरुमा निष्पक्षपूर्वक छानबिन गरी दोषीमाथि कारबाही गर्ने परिपाटीलाई निरन्तरता दिन सक्नुपर्छ । राजस्व चुहावट गरी राजस्व ठगी गर्नेहरुलाई राष्ट्रिय अपराधीकै रुपमा लिनुपर्छ । यस्ता अपराधीहरुलाई कुनै पनि बहानामा छुट दिनुहुँदैन । राजस्व कार्यालय तथा भन्सार कार्यालयमा काम गर्ने कर्मचारीहरु इमानदार र पारदर्शीमात्रै बन्न सके भने पनि धेरै हदसम्म राजस्व उठ्ने क्रममा वृद्धि आउने निश्चित छ । तर कर्मचारीहरुले व्यक्तिगत स्वार्थ र आर्थिक लाभमा ध्यान दिँदा उनीहरुबाट बद्यासी हुने क्रम बढ्दै गइरहेको छ । आन्तरिक राजस्व कार्यालय, भन्सार कार्यालयलगायतका कर्मचारीहरुको व्यापारीहरुसँगको अघोषित सम्बन्धका कारण पनि अनियमितता हुने क्रम बढिरहेको छ । राजस्व चुहावट गर्नेले विभिन्न रणनीतिहरु अपनाउने गरेका छन् । जस अनुसार न्यून बीजकीकरण, झुटा अनुमतिपत्रबाट निकासी-पैठारी, वस्तुको गलत घोषणा, ठाडो तस्करी, कागजात नक्कली बनाएर, नक्कली वस्तु आयात-निर्यातबाट, करमुक्त वस्तु बजारमा बेचेर पनि राजस्व चुहावट हुने गरेको छ । राजस्व चुहावटका क्षेत्रहरुमा अन्तशुल्कतर्फ भौतिक नियन्त्रणमा सुस्तता, उपभोक्ता मूल्य र कार खाना मूल्यमा अन्तर, स्थानीय कच्चा पदार्थको प्रयोगको अभिलेख नहुनु, नक्कली स्टिकर प्रयोगलगायत छन् । यसै गरी राजस्व चुहावटका क्षेत्रहरुमा आयकरतर्फ स्वयं करनिर्धारण प्रभावकारी नहुनु, अनुसन्धान पक्ष कमजोर हुनु, साना करदाताका नाममा ठूला करदातालाई संरक्षण, बिक्री अंक लुकाउने अभ्यास तथा समयमा कर लेखापरीक्षण नहुनुलगायत छन् । सरकारी निकायले राजस्व छली गर्नेहरुको यस्ता रणनीतिहरु समयमा नै पहिचान गरी त्यसलाई परास्त गर्न सक्नुपर्छ । हामीकहाँ राजस्व चुहावट नियन्त्रणसम्बन्धी धेरै प्रकारका कानुनी व्यवस्थाहरुसमेत छन् । तर सरकारी निकायहरु ती कानुनी व्यवस्थाहरु पूर्णरुपमा लागू गर्न असफल हुँदै आइरहेका छन् । सम्बन्धित निकायमा कार्यरत कर्मचारीहरु आफैं पनि ती कानुनहरु कार्यान्वयन गराउन उदासीन देखिने गरेका छन् । सरकारले यदि साँच्चै नै राजस्व छलीको प्रवृत्तिलाई रोक्ने हो भने राजस्व र भन्सार अन्तर्गतका सबै कार्यालयमा इमानदार र स्वच्छ छवि भएका कर्मचारीहरुलाई पठाउनुपर्छ भने त्यस क्षेत्रमा गरिने अनुसन्धान प्रक्रियालाई वैज्ञानिक बनाउन सक्नुपर्छ । राजस्व उठाउने विषयलाई हलुका किसिमले लिनुहुँदैन । कसरी हुन्छ राजस्व बढी उठाउने र त्यस क्षेत्रमा हुने सबै खाले बद्यासी र अनियमितता रोक्न सबै संयन्त्रको सशक्त परिचालन गर्नुपर्छ । राजस्व छली राष्ट्रिय अपराधजस्तै भएकाले यसलाई नियन्त्रण गर्न सबै नागरिक स्तरबाट पनि नियमितरुपमा खबरदारी र पैरवीको आवश्यता पर्दछ ।

वासिङ्टनस्थित क्युबाको दूतावासमा पेट्रोल वम आक्रमण



■ एजेन्सी

वासिङ्टनस्थित क्युबाको दूतावासमा आइतबार राति एक व्यक्तिले पेट्रोल वम प्रयोग गरी आक्रमण गरेको क्युवाका विदेशमन्त्री ब्रुनो रोड्रिगेजले बताउनुभएको छ । त्यहाँका विदेशमन्त्रीले घटनालाई 'आतङ्कवादी हमला' को संज्ञा दिनुभएको छ । विदेशमन्त्री रोड्रिगेजले यस पहिले ट्वीटरका नामले प्रसिद्ध सामाजिक सञ्जाल एक्स मा पोस्ट गरेको विज्ञप्तिमा भन्नुभएको छ, "अमेरिकास्थित क्युबाको दूतावासमा दुई वटा पेट्रोल वम प्रहार गरी एक व्यक्तिले आतङ्कवादी हमला गरेका छन् । आक्रमणबाट कुनै पनि कर्मचारीलाई क्षति भएको छैन ।" सन् २०२० को अप्रिलमा वासिङ्टनस्थित क्युबाली मिसनमा एक व्यक्तिले गोली चलाएपछि हालैका वर्षहरूमा यो दोस्रो आक्रमण हो । उक्त आक्रमणबाट पनि कुनै हताहत भएको थिएन । क्युबाका राष्ट्रपति मिगुएल डियाज क्यानेल न्यूयोर्कमा संयुक्त राष्ट्रसङ्घको महासभामा भाग लिएर हवाना फर्केको केही घण्टापछि आइतबार राति उक्त आक्रमण भएको हो । न्यूयोर्कमा संयुक्त राष्ट्रसङ्घमा डियाज-क्यानेलको उपस्थितिको विरोधमा संयुक्त राज्य अमेरिकामा रहेका क्युबाली नागरिकले प्रदर्शन गरेको सामाजिक सञ्जालमा शेयर गरिएका पोस्ट र भिडियोले देखाएको छ । रोड्रिगेजले आइतबारको आक्रमणपछि भन्नुभयो, "क्युबा विरोधी समूहहरूले आफू दण्डहीनताको आनन्द उठाइरहेको महसुस गर्दा आतङ्कवादको सहारा लिन्छन्, जसबारे क्युबाले अमेरिकी अधिकारीहरूलाई बारम्बार जानकारी गराउँदै आएको छ ।" अप्रिल २०२० मा क्युबाका विदेशमन्त्रीले हवानास्थित तत्कालीन अमेरिकी कार्यवाहक राजदूत मारा टेकचलाई बोलाएर आफ्नो दूतावासविरुद्ध 'आतङ्कवादी आक्रमण' गरेको भन्दै 'कडा विरोध' व्यक्त गर्नुभएको थियो । सन् २०२० को उक्त आक्रमणमा विष्फोटले बाहिरी भित्ता र स्तम्भहरूमा गोलीका प्वालहरू छोडेको, सडकबत्ती भाँचेको र भवनको अगाडिको सिसा र मोल्डिङका धेरै सिसाहरूमा क्षति पुऱ्याएको थियो । अमेरिकी अधिकारीहरूले उक्त आक्रमणको आरोपमा ४२ वर्षीय अलेक्जेन्डर अलाजोलाई पक्राउ गरेका थिए । अमेरिकी न्याय विभागका अनुसार अलाजोलाई जुलाई २०२० मा उनीमाथि 'घातक हतियार प्रयोग गरेर विदेशी अधिकारी वा सरकारी परिसरमा हिंसात्मक आक्रमण' लगायत विभिन्न अपराधको अभियोग लगाइएको थियो ।

धानमा गबारो रोग लागेपछि किसानहरु चिन्तित



■ टक नेपाल

वीरगञ्ज । धान बालीमा अहिले विभिन्न किसिमको रोगको संक्रमण बढेपछि पर्साका किसान चिन्तित बनेका छन्। पर्सामा किसानहरूले लगाएको धान बालीमा गवारो रोग र धानको बोट कुहिने रोग लागेको छ । यो रोग लागेपछि किसानहरू भने समस्यामा परेका छन्। औषधि छर्केपनि रोग निको नभएपछि किसानहरू मारमा परेका हुन् । धान रोप्नुअघि र बिउ राख्ने बेला खडेरीको मार खेपेका पर्साका किसानले अहिले रोगको संक्रमण बढेपछि चिन्तित बनेका हुन् । रोग लागेर बोट नसप्रने, पात सडेर गल्ने तथा बोट मर्ने गरेको किसानले बताएका छन् । पर्साको ठोरी,जिराभवानी,पटेर्वा सुगौली गाउँपालिका, बहुदरमाई नगर पालिका, पर्सागढी नगरपालिका लगायतका स्थानमा ग्वारो रोगको प्रकोप बढी देखापरेको छ । पालिकामा थुप्रै किसानहरूले लगाएको बालीमा गवारो रोग देखिएको पटेर्वा सुगौली गाउँपालिका ४ सुगौलीका किसान जगतनारायण पञ्जियारले बताए। यसपालि मलखादको सहज आपुर्ति भएका कारणले किसानहरुले यसपालि मलको मात्रामा ध्यान नदिदा धानबालीमा प्राय रोग देखा परेको छ । पर्साको ग्रामीण भेगमा विशेष गरी किसानहरूले लगाएको धानमा रोग देखा परेकोले समबन्धित निकायसित किसानको समस्या समाधान गरिदिन पहल गरेको किसान हकहित सँघर्ष समितिका अध्यक्ष सहरुम गदीको भनाइ छ । पर्साका अधिकांश किसानहरूले नेपालमा प्रतिबन्ध रहेको सोना मन्सुली धानको खेती गर्दै आइरहेका छन् । यस वर्ष पनि किसानहरुले सोना मन्सुली धान नै बढी खेतमा लगाएका छन्। यो धानले उत्पादन बढी दिने भएपनि रोगसमेत बढी लाग्ने गरेको कृषि ज्ञान केन्द्र पर्साका सूचना अधिकारी सुरेन्द्रप्रसाद कुर्मीले जानकारी दिए । अहिले किसानहरुले लगाएको धानबालीमा देखिएको ग्वारो रोग नियन्त्रणको लागि ५०५ नामक औषधि तथा साईपरमेथिन नामक औषधि एक लिटर पानीमा २ एमएल मिलाएर छर्कनुपर्ने उनले सुझाव दिए । पर्सामा कुल ५४ हजार सात सय ३२ हेक्टर क्षेत्रफल खेतीयोग्य जमिन रहेकोमा ४७ हजार एक सय ३० हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने गरेको छ ।



आवश्यक टेलिफोन नम्बरहरु

प्रहरी कन्ट्रोल	१००		IRDs समाज सहकारी अस्पताल	५५०४०१	
जिल्ला प्रहरी कार्यालय जलेश्वर	५२०१५५		सिटि केयर हस्पीटल वर्दिवास	५५०५२७	
ईलाका प्रहरी कार्यालय बर्दिबास	५५०००६		छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४	
जिल्ला ट्रा.प. कार्यालय		५५००५५	ढल्केवर (नो लाईट)	०४१-५६००६८	
नेपाल पत्रकार महासंघ, महोत्तरी	५२०५१५		बर्दिवास दुरसञ्चार	५५००००	
शुभ स्वस्तिक हस्पिटल	५५०२५५		नेपाल रेल्वे जनकपुरधाम	५२०२११	
बर्दिबास अस्पताल	५५००५०		जनकपुर आंखा अस्पताल	५२०३५७	
रेडक्रस एमबुलेन्स	५२०१००		प्रदेशिक अस्पताल जनकपुरधाम	५२००३३	
वारुण यन्त्र (दमकल)	५२००५७		सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३	
नेपाल विद्युत वितरण केन्द्र, गौशाला		५५६०८५	एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाभिज)	०४१-६२०४५१, ५८०४८१५१२६	
जलेश्वर अस्पताल	५२००७०				
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०५		एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६	
बर्दिवास आंखा अस्पताल		५५०४७७	एम्बुलेन्स (मारवाडी सेवा समिति)	५२२७६२, ५२१७८४	
मेरी स्टोप्स सेन्टर	५५०१२६		एम्बुलेन्स (जानकी मेडिकल कलेज)	५२६०५०, ५२६०५१	
एकिकृत सेवा केन्द्र बर्दिवास	५५०६६८		महाविर युवा कमिटी एम्बुलेन्स	२५५८०	

आजको राशिफल

मेष	नयाँ काममा जग बसाउने समय छ।	तुला	मान्यजनको मार्गदर्शन अनुचित लाग्न सक्छ।
बृष	प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। पहिले नै आस मारेको काम समेत सम्पादन हुनेछ।	वृश्चिक	बेलैमा योजना बनाएर काम थाल्दा राम्रो फाइदा हुनेछ।
मिथुन	स्वास्थ्यमा जिउ गल्ने र काम गर्न मन नलाग्ने समस्याले सताउनेछ।	धनु	अध्ययनशील प्रवृत्तिले फाइदा दिलाउनेछ।
कर्कट	मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ।	मकर	इच्छाशक्ति बढ्नुका साथै कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ।
सिंह	प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ।	कुम्भ	खर्च लागे पनि काम सम्पादन गर्न सकिनेछ।
कन्या	मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक र हनेछ।	मीन	आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन्।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

यमःद्यो ठड्याएर भक्तपुरमा आठ दिन इन्द्रजात्रा मनाइने

■ टक नेपाल

भादगाउँ । धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेको परम्परागत इन्द्रजात्रा भक्तपुरमा मङ्गलबारदेखि सुरु हुने भएको छ। प्रत्येक वर्ष भाद्र शुक्ल द्वादशीको बिहान भक्तपुर नगरका टोलटोलमा इन्द्रको मूर्तिस्वरुप यमःद्यो ठड्याएर जात्रा सुरु गरिन्छ । भक्तपुरको इन्द्रजात्रामा स्थानीय गुठियारले टोलटोलमा यमःद्यो ठड्याएर, सलाँ गणेश, छुमा गणेश, इन्द्रायणी देवी र भैरव, याँमता (आकाश दीप) मुपात्र र पुलुकिसी जात्रा गरी आठ दिनसम्म धुमधामका साथ मनाइन्छ । जात्राको पहिलो दिन स्थानीय गुठियारहरुले नगरको टोलटोलमा विधिवत् पूजाआजासहित नगरका इताछेँ, तेखापुखुः, मुलाखुः, बुलुचा, साकोठा, भोलाछेँ, सुजम्हरी, खौमा, गःहीटी, महालक्ष्मी स्थान, बोलाछेँ, चासुखेल लगायतका स्थानहरुमा यमःद्यो ठड्याइन्छ। दोस्रो दिनलाई शून्य दिन मानिन्छ । यस दिन जात्राको कुनै कार्यक्रम हुने छैन । जात्राको तेस्रो दिन अर्थात् इन्द्रजात्राको दिन साँझ खौमास्थित इन्द्रायणी देवीको खट जात्रा मनाइन्छ । जात्रामा इन्द्रायणी देवीलाई शृङ्गारपटार गरी विधिवत् पूजा गरेर परम्परागत बाजागाजाका साथ दाफा, भजन गाएर, स्थानीय महिलाहरु हाकुपटासीमा सजिएर सुकुना बालेर, बालबालिका र वृद्धहरु धूप दीप बालेर सिद्धपोखरीले परिचित इन्द्र दहको दक्षिण दिशाको बीचमा ल्याई विराजमान गराइन्छ । जात्राका क्रममा राति पालाको दीप बालेर दहलाई सजाइन्छ । यस दिन राति दहमा मेला लाग्छ । मध्यराति तान्त्रिक पूजा गरी इन्द्रायणीलाई भोगवली चढाउने परम्परा रहेको छ । जात्राको चौथो दिन येंया पुन्ही (भाद्र शुक्ल पूर्णिमा)का अवसर मा धार्मिक तीर्थस्थलका रुपमा रहेको प्रसिद्ध प्राचीन इन्द्र दहमा बिहानै स्नान गरी इन्द्रायणी देवीको पूजाआजा गर्ने भक्तजनहरु ठूलो घुइँचो लाग्ने गर्छ। देवराज इन्द्रले स्नान गरेको दह हुनाले यस दिन इन्द्र दहमा



स्नान गरी इन्द्रायणी देवीको पूजाआराधना गरेमा पुण्यप्राप्ति हुनाका साथै पारिवारिक सुःख समृद्धि मिल्ने जनविश्वास छ । यस दिन इन्द्रायणी देवीसँगै दह छेउछाउमा रहेका लिच्छ विकालीन र मल्लकालीन शैव, शक्ति, बौद्ध, वैष्णव, सम्प्रदायका देवीदेवताका मूर्तिहरु तथा वासुकी नागको समेत पूजा गरिन्छ । दहको पूर्वदिशामा रहेको शिवलिङ्गमा जल चढाई पिउने परम्परा छ । राती इन्द्रायणी देवीलाई परम्परागत बाजागाजाका साथ पुनः जात्रा गरी खौमास्थित देवगृहमा ल्याई विधिवत् पूजा गरी आसनमा विराजमान गराइन्छ । जात्राको पाँचौं दिनलाई पनि शून्य मानिन्छ। जात्राको छैटौं दिनदेखि तीन दिनसम्म लगातार याँमता र मुपात्र जात्रा मनाइन्छ । पहिलो दिन सकुलान टोलका मानन्धर समुदायले दत्तात्रयस्थित भीमसेन मन्दिरमा एक जोडी याँमता (त्रिशूल आकारको माथि फर्किएका तीनवटा टुप्पामा बालिने बत्ती) बालिन्छ । लगत्तै तचपालको सँला गणेशलाई विधिवत् पूजा गरी खटमा राखिन्छ । गणेशलाई खटमा राखिसकेपछि अगाडि याँमता त्यसपछि सलाँ गणेशको जात्रा गरिन्छ । त्यसपछि मुपात्र जात्रा मनाइन्छ। जात्रामा याँमता, गणेश र मुपात्रलाई यमःद्यो भएको ठाउँहरुमा परिक्रमा गराइन्छ । जात्रामा मुपात्र प्रमुख र धिःचा नामक उनका अन्य दुईजना सहायकसहित तीन जनालाई राक्षसको पोसाक लगाई अनुहार मा विभिन्न रङ्गलगाई शृङ्गार पटारका साथ तरवार समात्न लगाई सहर परिक्रमा गराउने प्रचलन छ । सहर परिक्रमा गर्दा टोलटोलमा ठड्याएको यमःद्योलाई मुपात्रले तीनपटक घुमेर तरवारले हान्ने गरिन्छ । जात्राको सातौं दिन बेलुका गोमारीको मानन्धर समुदायको याँमतासँगै चोछें टोलको छुमा गणेशको जात्रा गरिन्छ । यस दिन गोमारीको मानन्धर समुदाय साँझ छुमा गणेश कहाँ गएर सुकुना बालेर आइसकेपछि गोमारी मानन्धर चोकमा एउटा याँमता बालेर जात्रा सुरु गरिन्छ। याँमता चोछेंमा पुगेपछि छुमा गणेश त्यसको पछाडि गई जात्रा गर्छ । लगत्तै भक्तपुरको दरबार स्क्वायरबाट मुपात्र निकालेर जात्रा गरिन्छ । जात्राको अन्तिम दिनमा तल्लो टोलको मानन्धर समुदायले एक जोडी याँमता लाने परम्परा छ । यस दिन याँमतासँगै तमारी (तौमढी)को भैरवको खट जात्रा र पुलुकिसी जात्रा गरिन्छ । सुरुमा तल्लो टोलहरु तेखाचो र तापालाछींका मानन्धर समुदायले भैरवनाथ मन्दिरमा गई सुकना बालेर आउँछ। त्यसपछि बुलाचास्थित ढुङ्गेधारामा एकजोडी याँमता बालेर जान्छ। त्यसको पछाडि तमारीको आकाश भैरवको अर्को स्वरुप मसान भैरवको खट जात्रा गारिन्छ। खट जात्रामा नायखिङ (खड्गी समुदायको विशेष) बाजा बजाएर भैरवनाथको रथलाई परिक्रमा गराइन्छ । परिक्रमा गर्नुपूर्व गुठी संस्थानबाट भैरवलाई विधिवत् रुपमा बलि पूजा गरिन्छ । भैरवको खट जात्रा गरेपछि स्थानीय लाकुलाछें टोलका समुदायले बाँसको मान्द्रो माथि नीलो कपडाले छोपेर अगाडिको भागमा हात्तीको सुँढ राखी तयार गरिएको पुलुकिसी जात्रा सुरु गरिन्छ। जात्रा सुरु गर्न अगाडि तमारीको भैरव मन्दिर अगाडि तीनपटक घुमेर पुलुकिसी जात्रा सुरु गर्छ । जात्रामा पुलुकिसीलाई चारजना मानिसले बोकेर ल्याइन्छ भने एक जनाले पुलुकिसीभित्र बसेर घण्टा बजाएर आउने परम्परा छ । देवराज इन्द्रका विश्वासिलो सेवक ऐरावत हात्तीका रुपमा लिइने पुलुकिसीलाई नगर परिक्रमा गराउँदा दोबाटो चौबाटोहरुमा धान खुवाउने, तमारी र दरबार स्क्वायरको डबलीमा आगो तपाउने, सुजमारीको तला तुन्छी (इनार)मा पानी खुवाउने प्रचलन रहेको छ । जात्राका क्रममा पुलुकिसीको सुँढले मानिसलाई छोएमा दशा लाग्छ भन्ने धार्मिक विश्वासअनुसार पुलुसिकी आउँदा सुँढले छुन्छ कि भनी मानिसहरु परपर भाग्ने गर्दछ । देवीपुराण ग्रन्थअनुसार पुलुकिसी जात्रा देवराज इन्द्रका पुत्र जयन्तलाई खोज्न हिँडेको सम्झनामा मनाएको हो । जात्रामा पुलुकिसीले कथंकदाचित मुपात्रलाई भेट्यो भन्ने कुल्चेर मार्दा पनि हात्ती बन्ने पात्र र उनका सहयो गीहरुलाई कुनै कानुन नलाग्ने भएकाले यस दिन पुलुकिसी जात्रा नगरको आधाभन्दा बढी ठाउँमा परिक्रमा गरेपछि मात्र मुपात्र जात्रा सुरु गरिन्छ । यस दिन भक्तपुरको भैरव मन्दिर बाट मुपात्र जात्रा निकाल्छ । इन्द्रजात्रा द्वापरयुगदेखि सञ्चालन भए पनि मल्लकालमा भक्तपुरका राजा जगतप्रकाश मल्लले देवीपुराण र पद्मपुराणहरुको सङ्कलन गरी ती पुराणका कथाका आधारमा दृश्य अनुकरण गरी जात्रा प्रचलनमा ल्याएको इतिहास तथा संस्कृतिविद् प्रा डा पुरुषोत्तमलोचन श्रेष्ठले बताउनुभयो। लोककथनअनुसार स्वर्गका राजा देवराज इन्द्रकी आमा वसुन्धरालाई भाद्रशुक्ल चौथीका दिन व्रत बस्न पारिजात फूलको खाँचो पऱ्यो । इन्द्रले आफ्ना छोरा जयन्तलाई पारिजातको फूल खोज्न पठाए । जयन्त पारिजातको फूल खोज्दै दैत्यहरुको बर्गैचामा प्रवेश गरे । दैत्यहरुले उनलाई देखेर पक्रेर दोबाटोमा लगेर खम्बामा बाँधेर राखे । यो कुरा इन्द्रले थाहा पाई दलबलसहित आएर दैत्यहरुसँग लडाइँ गरे। लडाइँमा इन्द्रको जित भयो । दैत्यहरुले इन्द्रको सेनालाई जयन्त भएको स्थानमा लिएर गए । त्यहाँ दैत्यहरुले जयन्तलाई बाँधेको डोरी काटेर माफी माग्छन् । सो क्रममा दैत्यहरुलाई जनतामाझ सहर परिक्रममा गराइएको भन्ने विभिन्न ग्रन्थहरुमा उल्लेख भएको आधारमा जात्रा प्रारम्भ गरिएको किंवन्दती रहेको प्रा डा श्रेष्ठ बताउँछन् । भक्तपुरमा इन्द्रजात्रा देशमा सुख, शान्ति, समृद्धि कायम होस्, कुनै पनि प्राकृतिक विपत्ति आइनलागोस्, देशमा अनिकाल, महामारी, अतिवृष्टि नहोस्, काल र शत्रुनाश होस् भन्ने उद्देश्यले मनाउँदै आएको प्रा डा श्रेष्ठले बताउनुभयो। साथै यस जात्राले मूला चोर पनि चोर घोडा चोर पनि चोर नै हो भन्ने मुख्य सन्देश दिएको उहाँको भनाइ रहेको छ।





जि.प्र.का. महोत्तरी दर्ता नं. ५६-२०७८-०७५
जि.हु.का, द.नं. ७-०८०/८१

टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

डिजिटल नेपाल बनाउने सपना छ : प्रधानमन्त्री दाहाल

■ टक नेपाल



काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाललाई डिजिटल नेपालमा परिणत गर्ने गरी आफूले काम गर्न चाहेको र आफूसँग नेपाललाई डिजिटल नेपाल बनाउने सपना रहेको बताउनुभएको छ । चीनको बेइजिङस्थित डिजिटल कम्पनी हुवावेको निरीक्षणपछि दिनुभएको प्रतिक्रियामा उहाँले सो धारणा राख्नुभएको हो । प्रधानमन्त्री दाहालले भन्नुभयो, "विश्वमा बढ्दो विज्ञान एवं सूचना प्रविधिको विकाससँगै अहिलेको विश्व विस्तारै डिजिटल स्वरुपमा गइरहेको छ, हामीले पनि नेपाललाई डिजिटल नेपालमा परिणत गर्ने सपना देखेका छौं ।" उहाँले हाल नेपाल विज्ञान प्रविधिको विकासको प्रारम्भिक चरणमै रहेकाले नेपालमा सूचना प्रविधिका क्षेत्रमा लगानीका लागि चिनियाँ लगानीकर्ताहरुलाई आग्रह गर्नुभयो । नेपालमा चीका उद्योगी व्यवसायीहरुले गर्ने लगानीका क्षेत्रहरु धेरै भएको र तीमध्ये पनि नयाँ र लाभ लिन सकिने एक क्षेत्र भनेको सूचना प्रविधि रहेकाले यस क्षेत्रमा लगानीका लागि उहाँले चिनियाँ लगानीकर्ताहरुलाई आग्रह गर्नुभयो । नेपालमा लगानी गर्न आउने विश्वका सबै लगानीकर्ताहरुको लगानीको सुरक्षा नेपाल सरकारले गर्ने र लगानीका लागि आवश्यक वातावरण पनि निर्माण गरि दिने प्रतिबद्धता पनि उहाँले सो अवसरमा व्यक्त गर्नुभएको थियो । हाल चीनको औपचारिक भ्रमणमा रहनुभएका प्रधानमन्त्री दाहालसहित उहाँको प्रतिनिधिमण्डल आज सो कम्पनीको मुख्यालयमा पुगेको थियो । कम्पनीका उच्च अधिकारीहरुले प्रधानमन्त्रीलाई विशेष स्वागत गरेका थिए । उक्त बहुराष्ट्रिय कम्पनीले मोबाइल फोन, ल्यापटपलगायतका इलेक्ट्रोनिक वस्तुहरु उत्पादन गर्ने गर्दछ ।

We Are Hiring

CRO- Field Cum Bike Rider
Loacation - Bardibas Vianet Communication Limited. (Near Save The Children)
Vacancy-1
Salary- 23500/ Above

Skills,
1. Strong Customer Focus
2.Ability To Think Logically
3.Problem Solving Skills
4.The Ability To Work well in a Team

Facility
1.Social Security Fund,

Duties And Responsibilities,
1.To Keep Operating System Running Smoothly And Ensure Users Get The Maximum Benefit,
2.Troubleshoot System And Networks Problems,
3.Support The Roll-out Of New Applicant,
4.Install And Configure Operating System,
5.Responding In A Timely Manner To Service Issues & Request,

For More Contacts,

Vianet Communication Limited
Bardibas Branch
+977 9801131433

प्रधानमन्त्रीको चीन भ्रमण :

दुई देशबीच १२ सम्झौतामा हस्ताक्षर



■ टक नेपाल

काठमाडौं । नेपाल र चीनबीच विभिन्न १२ वटा सम्झौता र एउटा समझदारी पत्रमा हस्ताक्षर भएको छ । चीन भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल र चिनियाँ समकक्षी प्रधानमन्त्री ली छ्याङबीच आज ग्रेट हल अफ दीपिपलमा भएको द्विपक्षीय वार्तापछि विभिन्न विषयमा सहमति तथा सम्झौता भएको हो। विभिन्न मन्त्रालय अन्तर्गतका ती सम्झौताका सहमतिपत्रमा नेपालका तर्फबाट सम्बन्धित मन्त्रालयका सचिव तथा चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठ र चिनियाँ अधिकारी बीच हस्ताक्षर भएको छ । चीनको राष्ट्रिय विकास र सुधार आयोग र नेपालको राष्ट्रिय योजना आयोगबीच सहकार्यका लागि सम्झौता भएको छ । सो सम्झौतामा आयोगका उपाध्यक्ष मीनबहादुर श्रेष्ठ र चिनियाँ अधिकारीले हस्ताक्षर गरे। नेपालको उत्तरी पहाडी क्षेत्रमा विभिन्न वस्तुको उत्पादन र वितरणसम्बन्धी सन् २०१७ को नेपाल-चीन समझदारीपत्र राजदूत श्रेष्ठ र चिनियाँ अधिकारी बीच आदानप्रदान भएको छ । चीनको राष्ट्रिय विकास तथा सुधार आयोग र नेपालको अर्थमन्त्रालयबीच डिजिटल अर्थतन्त्र बढाउने विषयमा सहकार्यका लागि सम्झौता भएको छ। त्यसैगरी चीनको उक्त आयोग र नेपालको वन तथा वातावरण मन्त्रालयबीच हरित तथा न्यून कार्बन विकासका लागि सहकार्य गर्ने विषय राजदूत श्रेष्ठ र चिनियाँ अधिकारी बीच हस्ताक्षर भएको छ । त्यसैगरी चीनको कृषि तथा ग्रामीण सम्बन्ध मन्त्रालय र नेपालको कृषि तथा पशुपन्छी विकास मन्त्रालयबीच कृषि, पशुपन्छी र माछापालनको विकासका लागि सहकार्य गर्ने विषयका लागि पनि सहमति भएको छ । यसमा कृषि तथा पशुपन्छी मन्त्रालयका पशुपन्छी विकास सचिव रेवतीरमण पौडेल र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ । चीनको वाणिज्य मन्त्रालय र नेपालको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबीच सन् १९८१ मा भएको चीन नेपाल व्यापार र भुक्तानी सम्झौताको समीक्षा र परिमार्जनका लागि संयुक्त प्राविधिक कार्यसमूह गठन गर्ने विषयमा पनि सहमति भएको छ । सो सहमतिपत्रमा वाणिज्य तथा आपूर्ति सचिव मधुकुमार मरासिनी र चिनियाँ अधिकारी बीच हस्ताक्षर भएको छ । सो अवसरमा चीनको सामान्य प्रशासन, भन्सार मन्त्रालय र नेपालको कृषि र पशुपन्छी विकास मन्त्रालयबीच नेपालबाट चीनमा औषधि उत्पादनका लागि वनस्पति निर्यातसम्बन्धी प्रोटोकलमा सहमति भएको छ । उक्त प्रोटोकलमा कृषि तथा पशुपन्छी मन्त्रालयका पशुपन्छी विकास सचिव रेवतीरमण पौडेल र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ। चिनियाँ प्रेस तथा प्रकाशन विभाग र सस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबीच प्राचीन ग्रन्थ अनुवाद र प्रकाशन गर्ने विषयमा सहमति भएको छ। सो सहमतिपत्रमा राजदूत श्रेष्ठ र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय चीनको विज्ञान तथा प्रविधि मन्त्रालयबीच विज्ञान, प्रविधि र नवप्रवर्तनका क्षेत्रमा सहकार्य गर्ने विषयमा सम्झौता भएको छ। सो सम्झौतामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव सुरेश अधिकारी र चिनियाँ अधिकारी बीच हस्ताक्षर भएको छ । साथै प्रकोप सामग्री, मानव संशाधन र हिल्सा-सिमकोट सडक परियोजनाका विषयमा राजदूत श्रेष्ठ र चिनियाँ अधिकारीबीच सहमतिपत्रमा हस्ताक्षर भएको छ ।



अब विश्वको कुनै कुनाबाट एक क्लिकमा हेर्नुस्
मधेश र देश विदेशको हरेक खबर
www.talknepaltv.com
बर्दिबास मिडिया ग्रप प्रा.लि.
बर्दिबास, महोत्तरी (मधेश प्रदेश)

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
– Bilubine Total/Direst
– SGOT
– SGPT
– ALP
– Total Protine
– Albumine
– Globline
– AG-Ratio
– GGT
Rs. 2800/-

WHOLE BODY CHECKUP
–CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY
Rs. 6000/-

CARDIAC PROFILE
– CPK
– CK MB
– SGOT
– TROPONIN
– LDH
- TOTAL CHOLESTEROL
– TRIGCYCERIDE
Rs. 5000/-

DIABETS PACKAGE
– URIN R/E
– RFT
– LIPID PROFILE
– CBC
– Glucose/F/PP
– MICRO AIBUMIN
– HBAIC
Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जित कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com